annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २२१ पृष्ठ ८ | काठमाडौं, सोमबार १ पुस २०८१ | पौष कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | MIONDAY, DECEMBER 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# उफ् ! कति महँगिएको भान्छा ?




आम उपभोक्ताको क्रयक्षमता कमजोर हुँदै गएको अवस्थामा महँगी झन् आकासिँदो छ। रेमिटचान्स वृद्धि, चालु खाता तथा शोधनान्तर बचतलगायत मुलुकको बाह्य क्षेत्रमा सुधार देखिए पनि आन्तरिक झन् खस्किँदै छ। चालु आबको पहिलो त्रैमाससम्म मुद्रास्फीति लक्षित सीमाभित्र रहे पनि चौथो महिनामा सीमा नाघेको नेपाल राष्ट्र बैंकको तथ्यांकले स्पष्ट देखाउँछ। किनभने नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा मुद्रास्फीति ५.५ प्रतिशतको सीमाभित्र रहने अनुमान गरेको थियो। यो स्थितिले मूल्यवृद्धि लक्ष्यको सीमामा रहन चुनौती देखिएको सरोकारवाला बताउँछन्।

**ममता थापा** | *काठमाडौं*
**- को रिपोर्ट**

समाचार पृष्ठ २

कुन वस्तुमा कसरी बढ्दै छ मूल्य ? (प्रतिशतमा)

आव २०८०/८१ असोजसम्म | आव २०८१/८२ असोजसम्म | वार्षिक वृद्धिदर

| वस्तु | वार्षिक वृद्धिदर |
|---|---|
| खाद्य र तिनका उत्पादनहरू | १० |
| दाल र फलफूल | ११ |
| तरकारी | ३४ |
| मासु र माछा | ० |
| दूध उत्पादन र अण्डा | ४ |
| घिउ र तेल | ९ |
| फल | ५ |
| चिनी र चिनी उत्पादनहरू | -१ |
| मसला | -१ |
| गैरअल्कोहल पेय | ४ |
| मादक पेय | ६ |
| तंबाकु उत्पादनहरू | ४ |
| लुगा र जुत्ता | ५ |
| आवास र उपयोगिताहरू | ३ |
| फर्निसिङ र घरेलु उपकरण | ४ |
| स्वास्थ्य | २ |
| यातायात | ४ |
| सञ्चार | २ |
| मनोरञ्जन र संस्कृति | २ |
| शिक्षा | ३ |
| रेस्टुरेन्ट र आवास सेवाहरू | ३ |
| बिमा र वित्तीय सेवाहरू | ० |
| विविध वस्तु र सेवाहरू | १० |

सत्य निरुपण तथा बेपत्ता आयोगमा पदाधिकारी छनोट

# सिफारिस समिति नै संक्रमणमा




**दिनेश गौतम** | *काठमाडौं*

संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगो पुर्‍याउन गठित सत्य निरुपण तथा मेलमिलाप आयोग एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्न गठित समितिका पदाधिकारीबीच मतैक्यता हुन नसक्दा सिफारिस कार्य नै सकसमा परेको छ।

पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा गठित समितिको आइतबार बसेको बैठक बिना निष्कर्ष टुंगिएको छ। समितिका एक सदस्यले भने, 'दुवै आयोगको अध्यक्षको विषयमा छलफल भएको छ। कतिपयको पृष्ठभूमि र निजको सम्बन्धमा प्राप्त प्रतिक्रिया समेतको आधारमा टुंगो पुग्न बाँकी नै छ।'

आयोगका अध्यक्षका बारेमा सिफारिस समितिका पदाधिकारीबीच नै मतैक्यता हुन सकेको छैन। अध्यक्ष र सदस्यका लागि आवेदन दिएका ४० जना मध्येबाट अध्यक्ष र सदस्यको नाम सिफारिस गर्नुपर्ने छ। आयोगमा कम्तीमा एक जना महिला रहने गरी अध्यक्षसहित पाँच जना सदस्य रहने छन्। दुवै आयोगका अध्यक्षसहित पाँच/पाँच जना सदस्य गरी १० जना सिफारिस गर्नुपर्ने छ।

गत कात्तिक २ गते सरकारद्वारा गठित समितिका सदस्यहरूमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, मानव अधिकार आयोगका आयुक्त मनोज दवाडी, पूर्वराजदूत अर्जुनबहादुर कार्की, जनजाति महासंघकी पूर्वमहासचिव स्टेला तामाङ छन्। सत्य निरुपण र बेपत्ता आयोग २०७९ असारदेखि पदाधिकारीविहीन छन्। सिफारिस समितिका सदस्य एवं प्रवक्ता खम्मबहादुर खातीले सोमबार बिहान बैठक बस्ने जानकारी दिए। खातीले भने, 'अब बस्ने सिफारिस समितिको बैठकले सिफारिस सम्बन्धमा आवश्यक निर्णय गर्छ।' समिति गठन भएको दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नुपर्ने कार्यादेश छ। समितिको दुई महिना पुस २ गते पुग्दै छ।

समितिले दुवै आयोगको अध्यक्षमा नियुक्तिका लागि ८ जना आवेदकको नाम संछिप्त सूचीमा रहेको जनाएको छ। सत्य निरुपण र बेपत्ता आयोगमा ८ जनाको नाम सूचीमा रहेको छ। जसमध्ये अच्युतप्रसाद भण्डारी र विजयसिंह सिजापतिले सदस्यका लागि समेत आवेदन दिएका छन्।

त्यस्तै डिल्लीराज आचार्य, काशीराज दाहाल, शेरबहादुर केसी, सुदीप पाठक, महेश थापा, विश्वराज कोइरालाको नाम अध्यक्षमा सूचीकृत छ। आचार्य, थापा र कोइरालाको नाम बेपत्ता आयोगमा पनि अध्यक्षमा सूचीकृत छ। पूर्वन्यायाधीशसमेत रहेका आचार्यलाई दुई आयोगमध्ये कुनै एकमा सिफारिसका लागि पदाधिकारीहरू सर्वसम्मत देखिएको स्रोतको दाबी छ। अर्को पूर्वन्यायाधीश भण्डारीले दुवै आयोगमध्ये कुनै एक आयोगमा सदस्यका लागि पनि तयार देखिएको स्रोतले जनाएको छ।

सिफारिस समितिका एक सदस्यले थपे, 'मानव अधिकार, शान्ति, कानुन, द्वन्द्व व्यवस्थापन र समाजशास्त्रको क्षेत्रमा अनुभव भएका व्यक्तिलाई पनि समावेश गरेर सिफारिस गर्नुपर्नेमा पदाधिकारीहरू सर्वसम्मत देखिएको छन्।

» बाँकी पृष्ठ ७

# पत्रकार महासंघमा पहिलो महिला नेतृत्व

**अन्नपूर्ण** | *काठमाडौं*



नेपाल पत्रकार महासंघको इतिहासमा पहिलोपल्ट महिला नेतृत्व पुगेको छ। प्रेस युनियन-प्रेस चौतारी प्यानलबाट प्रतिस्पर्धा गरेकी निर्मला शर्मा ४ हजार २ सय ८२ मतसहित महासंघको अध्यक्षमा विजयी भएकी छन्। बागी बनेर उठेका रमेश विष्टले ३ हजार २ सय ३ मत ल्याएका छन्।

वरिष्ठ उपाध्यक्षमा युनियन चौतारी प्यानलका दीपक आचार्य ४ हजार २ सय ३० मत ल्याई विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्दी रोशन पुरीले २ हजार ८ सय ८६ मत ल्याए। उपाध्यक्ष महिलामा नितु पण्डितले ४ हजार ७ सय ५ मत ल्याई विजयी भइन्। समावेशी उपाध्यक्षमा उमीदप्रसाद बागचन्दले ४ हजार २ सय ९२ मत ल्याएर निर्वाचित भए। त्यस्तै महासचिवमा संयुक्त प्यानलबाटै रामप्रसाद दाहालले ४ हजार ८४ मत ल्याई विजयी भएका छन्। अध्यक्ष शर्माको टिममा निर्वाचितमध्ये महिला सचिवमा सोनी शर्मा, सचिव (आदिवासी) सविन प्रियासन, सचिव (मधेसी) अशोककुमार तिवारी, सचिव (दलित) प्रकाश धौलाकोटी, एसोसिएट सचिवमा बैकुण्ठराज पराजुली, कोषाध्यक्षमा रामकृष्ण अधिकारी छन्। अधिकारी भने अर्को प्यानलबाट प्रतिनिधित्व गर्छन्।

त्यस्तै, सदस्य (मधेसी)मा अन्नपूर्णकर्मी राजकरण महतोले ३ हजार ८ सय ९३ मत ल्याई विजयी भएका छन्।

# किरातबस्तीमा उधौली साकेलाको धुमधाम

**प्रदीपचन्द्र राई** | *भोजपुर*

हिउँदयाम सुरु भएसँगै हरेक किरात राईबस्तीहरूमा यतिबेला उधौली साकेला पर्व धुमधामले सुरु भएको छ। प्रकृतिपूजक किरात राईहरूको प्रमुख चाडमध्येको किरात येले ५०८४ उधौली साकेला किरात राई समुदायको बाहुल्य भएका पूर्वका विभिन्न गाउँबस्तीहरूमा सुरु भएको हो।

उधौलीमा विशेष गरी भूमिपूजा र कुखुराको बली दिई पितृपुजा (माङ) गरिने प्रचलन छ। जाडोयामको सुरुवातसँगै शीत छल्न बेंसी झर्ने आफ्ना किराती पुर्खाहरूको सम्झनामा उधौली मनाइने गरेको भोजपुर नगरपालिका ५, बोखिमका स्थानीय होमे (कुलपुजारी) तीर्थ राई बताउँछन्। उनका अनुसार उधौलीमा राई समुदायहरू शिकारी युगका आफ्ना पूर्खाले शिकार गरेको र कन्दमूल खाएर जीविका गरेको स्मृतिमा कुखुराको बली दिने, कन्दमुल खाने, काँचो वनतरुलको टीका लगाउने, अन्य उसिनेका वा भुटेर तारेका कन्दमूल भोजनका रूपमा पनि ग्रहण गर्ने चलन रहँदै आएको परम्परागत विश्वास छ।

'प्रकृतिपुजक किरात राईहरू आफ्नो माङ (पितृकुल)लाई पुज्दै जमिनमुनि फलेका कन्दमूललाई पुर्खाको प्रसाद मानेर विभिन्न परिकार बनाइ खाँदै, माङपितृको पूजा गर्दै साकेला नाँच्दै उधौली मनाउने गर्छन्', उनले भने। परापूर्वकालदेखि प्रकृतिपुजक किँरात राईहरूले मंसिर पूर्णिमाका दिन सूर्यको गति दक्षिणतर्फ लाग्ने समय भएकाले उधौलीलाई किराती मुन्दुमी भाषामा 'दोङदावा' भन्ने गरिएको उल्लेख छ।

उधौलीमा अन्नबाली भित्राएपछि तिनचुलो पुजेर पूजाआजा गर्दै साकेला नाच्ने गरिन्छ। उधौली पर्व किरातहरूको संस्कृतिलाई पुस्तान्तरण गर्ने बलियो आधार भएको संस्कृतविद कमलजंग राईको ठम्याइ छ। उनका अनुसार हिउँदको धान्यपूर्णिमाका दिनबाट सुरु हुने उधौली पर्व पुर्खाहरू र जंगली पशुपन्छीहरू लेकदेखि बेंसीतिर झर्ने समय भएको संकेत गर्ने तथा अन्नबाली भित्र्याइएको खुसियालीमा मनाउने गरिन्छ।

परापूर्वकाल ढुंगे युगमा किँराती पुर्खाहरूले पृथ्वीमा कृषि युग सुरु गरेको आस्थाका साथ यो पर्व चलनचल्तीमा आएको किरात अगुवाहरूको बुझाइ छ। बालीनाली भित्र्याउने समय, प्राकृतिक प्रकोपबाट जोगिन, इष्टदेवता सुम्दिमा र पारुहाङले सम्पूर्ण सृष्टिजगतको रक्षा गरून् भन्ने कामना गर्दै उधौली मान्ने गरिएको धार्मिक विश्वास छ।

भाइचारा बढाउने सिलि संस्कृति

परम्परागत धार्मिक तथा साँस्कृतिक चाडमा किरात राईका विभिन्न समुदायबीच साकेला नाच (चण्डिनाच) को छुट्टै महत्व छ। राईभित्रका पनि विभिन्न जात अनुसारका नाचलाई साकेला, साकेन्वा, साक्खेवा र साख्खेवा जस्ता विभिन्न नामहरूले सम्बोधन गरिन्छ। विशेषगरि किँरात राई समुदायहरू विभिन्न जातीय पहिचान झल्काउने पहिरनमा गोलबन्दी भएर परम्परागत शैलीमा साकेला नाच्ने गर्छन्।



**जातीय पहिरनमा साकेला नाच्दै किरात राई समुदायका महिला।** ● प्रदीपचन्द्र राई

» बाँकी पृष्ठ ७